प्रति शेयर रु.१००/- अंकित दरको
७७,४४,५०६ कित्ता हकप्रद शेयरको निष्काशन

दरखास्त साथ भुक्तानी गर्नुपर्ने
रु.१००/- प्रति शेयरको दरले

सर्वसाधारण लगानीकर्ताले यस हकप्रद निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा यस निष्काशनको लागि तयार गरेको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू" पढी आफ्नो स्वविवेकले दरखास्त दिएको हो ।

नेपाल धितोपत्र बोर्डबाट "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृत मिति २०८०/९/१९ ।

रिडी पावर कम्पनी लिमिटेड
RIDI POWER COMPANY LTD.

रजिष्टर्ड कार्यालयः का.म.न.पा. ११, ट्रेड टावर, थापाथली, पोष्ट वक्स नं. २१८३९, काठमाडौं, नेपाल
फोन नं. ०१-५१११०१५,९८४१२३४५६७
इमेलः ridipower@gmail.com वेभसाईटः www.ridipower.com.np

१ कित्ता शेयर बराबर नयाँ ०.५० कित्ता शेयरको

हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना

हकप्रद शेयरको बिक्री खुल्ला अवधिः
निष्काशन खुल्ला हुने मितिः २०८०/११/१८ गते
निष्काशन बन्द हुने मितिः २०८०/१२/०८ गते (बैंकिङ्ग समयसम्म)

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार साविक शेयरधनीहरुमा निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त केयर रेटिङ्ग नेपाल लि., पुतलीसडक ,काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई "CARE-NP BB+(Is) [Double B Plus (Issuer)" रेटिङ्ग प्राप्त गरेको छ । जसले कम्पनीको moderate risk of default regarding timely servicing of financial obligation रहेको जनाउँछ । सो रेटिङ्गको बैद्यता अवधि एक वर्ष रहने छ । सो सम्बन्धी विवरण यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" को दफा (ब), पृष्ठ नं.२७ मा उल्लेख गरिएको छ ।

रेटिङ्ग प्रदान गरेको मिति : २०८० आषाढ २४, (जुलाई ९, २०२३)
रेटिङ्ग बहाल रहने अवधि मिति : २०८१ आषाढ २२, (जुलाई ६, २०२४)

कम्पनीको हाल कायम चुक्ता पूँजी रु.१,५४,८९,०१,२००/- को एक शेयर बराबर नयाँ ०.५० शेयर (१ : ०.५०) को अनुपातमा रु.१००/- अंकित दरका ७७,४४,५०६ कित्ता हकप्रद साधारण शेयर मिति २०८०/१०/२१ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गर्नको लागि प्रकाशित गरिएको ।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

१. कम्पनीको नाम : रिडी पावर कम्पनी लिमिटेड (Ridi Power Company Limited) ।

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :

कम्पनीको रजिष्टर्ड ठेगाना का.म.न.पा. वडा नं. ११, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौंमा रहेको छ । आवश्यक भएमा कम्पनीले रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा शाखा कार्यालयहरू खोल्न सक्नेछ ।

३. कारोवार स्थान :

यस कम्पनीको कारोबार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय का. म. न. पा. वडा नं. ११, ट्रेड टावर, थापाथली, काठमाडौं, आयोजनास्थल रुरु गा. वि. स. वडा नं. ७, गुल्मी, तिलोत्तमा न.पा. वडा नं. ०६, याङ्वारक गा.पा. वडा नं.४ पाँचथर तथा थाक्रे गा.पा. वडा नं.४ धादिङमा अवस्थित छ । सम्बन्धित निकायबाट स्वीकृति लिई नेपालका अन्य स्थानहरुमा आयोजना निर्माण गर्ने क्रममा कार्यालयहरु खोल्न सक्नेछ ।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

कम्पनीको संक्षिप्त परिचय : *कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छः*
नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले नेपाली निजिक्षेत्रका उद्यमीहरु मिलेर रिडी हाईड्रोपावर डेभलपमेण्ट कम्पनी प्राइभेट लिमिटेड २०५७ आश्विन ३० गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई कारोबार संचालन गर्दै आएको कम्पनी हो । यस कम्पनीमा व्यापक जनसहभागीता बिस्तार गर्ने हेतुले २०६५ साल श्रावण २० गतेका दिन कम्पनीलाई पब्लिक लिमिटेड कम्पनीमा परिणत गरिएको हो ।

कम्पनीमा स्थापना कालमा २८६ जना संस्थापक शेयरधनी रहनु भएको थियो । कम्पनीको प्रवन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ५१ प्रतिशत संस्थापक शेयर विभिन्न संस्था तथा व्यक्तिहरुले, १० प्रतिशत उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुले र ३९ प्रतिशत सर्वसाधारणमा निष्काशन तथा बाँडफाँड गर्ने व्यवस्था रहे बमोजिम निष्काशन तथा बाँडफाँड गरिएको थियो । मिति २०७१ सालदेखि कम्पनीको संस्थापक शेयरको लकईन पिरियड समाप्त भएकाले हाल संस्थापक समुहका शेयरहरु साधारण शेयर सरह कारोबार भै रहेकाले कम्पनीमा साधारण शेयर समुह मात्र रहेको छ ।

एउटै उद्देश्य र लक्ष्य बोकेर स्थापना भएका विभिन्न बैंकहरु आपसमा गाभिदा सकारात्मक प्रभाव (Synergetic effect) सहितका बलिया बैंकहरु स्थापना भए जस्तै विद्युत उत्पादनमा संलग्न कम्पनीहरु पनि एक आपसमा गाभिइ अझै बलियो र दिगो हुने साथै गाभिंदा कम्पनीका प्रशासनीक झै झन्झटहरु कम हुने, प्रशासनिक लागत नियन्त्रणमा आउने, पूँजी र प्रतिफल एकत्रित हुने, थुप्रै प्रशासनिक खर्चहरु घट्ने हुँदा प्रतिफलको मात्रा बढ्ने र सो कारणबाट नेपाल सरकारको राजश्वमा अभिवृद्धि हुने, र पुन उत्पादनशील क्षेत्रमा गरिने लगानी बढ्न जाने हुँदा समग्र आर्थिक परिसूचकहरु सकारात्मक हुने, अनुभव र शिपको आदान प्रदानले कम्पनीको उत्पादकत्वमा वृद्धि हुन सक्ने, नेपाल सरकारका कार्यालयहरुको प्रशासनिक कार्यमा समेत केही सहजता हुने अपेक्षा गरि साविकको रैराङ हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडलाई गाभेर एकिकृत रुपमा मिति २०७९/०३/३१ बाट संयुक्त रुपमा रिडी पावर कम्पनी लिमिटेडबाट कारोबार सञ्चालन गर्दै आएको छ ।

दुवै कम्पनी एक आपसमा गाभिदा कम्पनीलाई एउटै अफिस, एउटै वोर्ड तथा सोही बमोजिमको संरचनागत व्यवस्था समेतलाई मध्यनजर गर्दा, कम्पनीको प्रशासनिक खर्च नियन्त्रण सहितको व्यवस्थापकीय सुधारबाट कम्पनीको मुनाफामा अभिवृद्धि हुने, बजारमा कम्पनीको ख्याति अझै बढ्ने भएको हुँदा प्रत्यक्ष रुपमा शेयरधनीहरु लाभांशका हिसाबले, ख्यातिका हिसाबले तथा शेयर मूल्य बृद्धि भई हुने पूँजीगत लाभका हिसाबले शेयरधनीहरु र त्यसमा काटिने पूँजीगत लाभकर लगायतका करका हिसाबले राज्यलाई समेत फाइदा पुगेको छ ।

मूल रुपमा दुवै कम्पनीका संचालक समितिहरु तथा दुबै कम्पनीका शेयरधनीहरुले रिडी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड र रैराङ हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड एक आपसमा गाभिदा परियोजनाको संचालन लागत घट्ने तथा विभिन्न हिसाबले दुवै कम्पनीका शेयरधनी तथा लगानीकर्ताहरु लाभान्वित हुने अनुमान गरि कम्पनी एक आपसमा गभिने सम्बन्धमा विधिवत् निर्णय गरेको हुँदा पनि दुवै कम्पनीहरु एक आपसमा गाभिनु औचित्य पूर्ण रहेको हो ।

यसरी दुवै कम्पनीको मर्जर पश्चात् संयुक्त रुपमा ठुलो पुँजिले ठुला आयोजना बनाउने हेतुले आयोजनाको पहिचान गर्ने क्रममा तल्लो बलेफि जलविद्युत आयोजनाको पहिचान गरि सभा पावर कम्पनी मार्फत आयोजना निर्माण गर्ने लक्ष्यसाथ कम्पनी अगाडी बढेको छ ।

कम्पनीको हाल संचालनमा रहेको आयोजनाहरुको विवरणः

(१) ***रिडी खोला साना जलविद्युत अयोजना (२.४ मे.वा.):*** यस रिडी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडले पाल्पा तथा गुल्मी जिल्लाहरुको सिमाना भइ बहने रिडीखोलामा २,४०० किलोवाट क्षमताको रिडी खोला जलविद्युत आयोजना निर्माण सम्पन्न गरी मिति २०६६/०७/१० देखि सञ्चालन भइरहेको छ । यस आयोजनाबाट उत्पादित विद्युत उर्जा एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरण बीच २०६३/०५/०८ गते विद्युत खरीद बिक्री सम्झौता भएको छ । यस आयोजनाको व्यवसायिक उत्पादन मिति २०६६ कार्तिक १० गते हो भने यस आयोजनाको अनुमति-पत्रको अबधि बि.स. २०६४/०२/१७ देखि २०९९/०२/१६ सम्म रहेको छ ।

कुल लागत (रु.)	जम्मा ऋण (रु.)	बक्यौता ऋण (रु.)	ऋण उपभोग शुरु मिति	ऋण भुक्तान अवधि
४३,९२,४३,८५०	२७,४८,९०,४६२	०	२०६४/७/१५	१३

आयोजनाबाट उत्पादित विद्युत परिमाण, बिक्री दर तथा आय सम्बन्धी विवरण देहाय बमोजिम रहेकोछ :

महिना	ऊर्जा परिमाण (सम्झौता अनुरुप)	ऊर्जा परिमाण (विद्युत उत्पादन)	दर (रु.)	आय विवरण (रु.)
आ.व.२०७९/०८०				
श्रावण	१,७५१,०४०	१,१९३,८१८	३.९	४,६५३,८२१
भाद्र	१,६९६,३२०	१,००९,३७९	३.९	३,९३३,६०२
आश्विन	१,६४१,६००	८१२,५२७	३.९	३,१५९,६६५
कार्तिक	१,६४१,६००	१,३१७,७७०	३.९	५,१३७,६६४
मंसिर	१,६४१,६००	१,२७०,११६	३.९	४,९५२,९५०
पौष	१,३३९,७८७	१,१७१,५०८	५.५२	६,४६२,६१३
माघ	८६३,१२३	१,०९१,०६२	५.५२	४,७६३,०८२
फाल्गुण	६५०,७६३	९४२,०९९	५.५२	३,८८२,४९६
चैत्र	६२१,६३६	८६३,२७०	५.५२	४,०९७,२७१
बैशाख	७९३,४२५	७३७,४११	३.९	२,८७४,७८४
जेष्ठ	१,३९६,२५४	५६०,५११	३.९	२,१८४,८९०
आषाढ	१,६९६,३२०	७४१,३२६	३.९	२,८८३,३३९
आ.व.२०८०/८१				
श्रावण	१३,८२,४००	१३,३१,४०५	३.९	५१,८९,७३४
भाद्र	१४,८८,०००	१३,०९,९८१	३.९	५१,०६,०८२
आश्विन	१४,४०,०००	१२,२९,७४८	३.९	४७,९४,५४३

आयोजना	रोयल्टि बृद्धि हुने आ.ब.
रिडी खोला साना जलविद्युत अयोजना (२.४ मे.वा.)	२०८२/८३

आयोजना	शत प्रतिशत आयकर छुट अवधि	५० प्रतिशत आयकर छुट अवधि	सामान्य कर लागु
रडी खोला साना जलविद्युत अयोजना (२.४ मे.वा.)	२०६६/६७ देखि २०७६/७७	२०७६/७७ देखि २०८०/८१	२०८१/८२

(२) ***बुटवल सौर्य परियोजना (८.५ मे.वा.):*** रिडी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडले दोस्रो आयोजनाको रुपमा रुपन्देही जिल्लाको तिलोत्तमा नगरपालिका वडा नं. १ मा ८,५०० किलोवाट क्षमताको बुटवल सौर्य आयोजना निर्माण गरि मिति २०७७ साल कार्तिक १५ गतेबाट व्यवसायिक उत्पादन गर्दै आएको छ । यो आयोजना श्री शान्ति नमुना माध्यामिक बिद्यालयबाट ३० वर्षका लागि भाडामा लिइएको २८ बिगाहा जग्गामा निर्माण भएको हो । यो आयोजना जलबिद्युत आयोजनाहरु जस्तो नेपाल सरकारलाई हस्तान्तरण गर्नु पर्ने छैन भने यस आयोजनाको बिद्युत बिक्री सम्झौता नेपाल विद्युत प्राधिकरणसँग २५ वर्षका लागि भएको छ । यस आयोजनाबाट प्राप्त हुने विद्युत प्रति युनिट ७।३० को स्थिर दरले बिक्री हुँदै आएको छ । यस आयोजनाले अपेक्षित रुपमा बिद्युत उत्पादन गर्दै आएको छ ।

कुल लागत (रु.)	जम्मा ऋण (रु.)	बक्यौता ऋण (रु.)	ऋण उपभोग शुरु मिति	ऋण भुक्तान अवधि
७२,९२,६०,४३०	४०,४९,१९,४९०	३८,४०,७५,२५२	२०७६/०५/१७	११

आयोजनाबाट उत्पादित विद्युत परिमाण, बिक्री दर तथा आय सम्बन्धी विवरण देहाय बमोजिम रहेकोछ :

महिना	ऊर्जा परिमाण (सम्झौता अनुरुप)	ऊर्जा परिमाण (विद्युत उत्पादन)	दर (रु.)	आय विवरण (रु.)
आ.व.२०७९/०८०				
श्रावण	१,१६६,४४५	१,२१०,३४०	७.३	८,४६६,६४७
भाद्र	१,१३०,२४५	१,१६९,७८०	७.३	८,१९७,५३०
आश्विन	१,१५३,६३४	१,०५५,८००	७.३	७,५७१,७७२
कार्तिक	१,०८८,५४२	१,११३,२३०	७.३	७,९००,६७२
मंसिर	९६४,३३२	१,०६७,९६०	७.३	६,९९२,२१२
पौष	९३९,०६८	९३७,०३०	७.३	६,७००,६८२
माघ	९७६,७०९	८९७,०३०	७.३	६,४२४,६९६
फाल्गुण	१,२६९,४५८	१,२७५,०९०	७.३	९,१५७,०२२
चैत्र	१,४८३,२६५	१,४१३,७२०	७.३	१०,२८०,०६५
वैशाख	१,५६२,२००	१,३२७,५४०	७.३	९,६४९,९४७
जेष्ठ	१,४५१,६०६	१,४५६,०१०	७.३	१०,४७१,१८०
आषाढ	१,३२५,१०९	१,१४५,१००	७.३	८,२३५,९००
आ.व.२०८०/८१				
श्रावण	१,१६६,४४५	१०,५९,२५०	७.३	७६,०७,७०२
भाद्र	१,१३०,२४५	११,१७,५५०	७.३	८०,३०,९०७
आश्विन	१,१५३,६३४	१०,७४,२८०	७.३	७७,१९,१४३

आयोजना	रोयल्टि बृद्धि हुने आ.ब.
बुटवल सौर्य परियोजना (८.५ मे.वा.)	रोयल्टि नलाग्ने

आयोजना	शत प्रतिशत आयकर छुट अवधि	५० प्रतिशत आयकर छुट अवधि	सामान्य कर लागु
बुटवल सौर्य परियोजना (८.५ मे.वा.)	२०७७/७८ देखि २०८७/८८	२०८८/८९ देखि २०९२/९३	२०९३/९४

(३) ***इवा खोला परियोजना (९.९ मे.वा.):*** रैराङ हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडले पाँचथर र ताप्लेजुङ जिल्लाहरुको सीमाना भई बहने इवा खोलामा ९,९०० किलोवाट क्षमताको इवा खोला जलविद्युत आयोजना निर्माण सम्पन्न गरि सञ्चालनमा रहेको छ । यस आयोजनाबाट उत्पादित विद्युत उर्जा एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरण बीच २०७०/०१/२९ गते विद्युत खरीद बिक्री सम्झौता भएको छ । यस आयोजनाको व्यवसायिक उत्पादन मिति २०७६ आश्विन २० गते हो भने यस आयोजनाको अनुमति-पत्रको अवधि बि.सं. २०७२/०३/२८ देखि २१०७/०३/२७ सम्म रहेको छ ।

कुल लागत (रु.)	जम्मा ऋण (रु.)	बक्यौता ऋण (रु.)	ऋण उपभोग शुरु मिति	ऋण भुक्तान अवधि
१,९३,९२,१५,७३९	१,३१,०७,५७,०००	१,२२,६१,६४,१९६	२०७३/०५/१७	१५

आयोजनाबाट उत्पादित विद्युत परिमाण, बिक्री दर तथा आय सम्बन्धी विवरण देहाय बमोजिम रहेकोछ :

महिना	ऊर्जा परिमाण (सम्झौता अनुरुप)	ऊर्जा परिमाण (विद्युत उत्पादन)	दर (रु.)	आय विवरण (रु.)
आ.व.२०७९/०८०				
श्रावण	६,९९९,५९५	-	-	-
भाद्र	६,९९९,५९५	३,९९३,१००	५.०९	२०,३१३,५००
असोज	६,९९९,५९५	६,६१०,४२०	५.०९	३३,६७३,५३४
कार्तिक	६,५२४,७६२	४,३९७,१६०	५.२३	२२,९९५,३११
मंसीर	३,९७८,९७८	२,७१९,७६०	५.२३	१४,२१६,००८
पौष	२,८६०,९३१	१,७९५,६६०	९.१६	१६,४१०,५२४
माघ	२,०९०,६४९	१,१९२,३१०	९.१६	१०,८९४,६५०
फागुन	१,८९८,५१०	१,०८१,४५०	९.१६	९,८७८,९७५
चैत्र	२,०११,२३२	२,०५६,७४०	९.१६	१८,८३७,५९०
बैशाख	३,५४८,५७१	२,५६५,५५०	५.२३	१३,०५८,१७४
जेठ	५,४८७,१४७	४,०९१,७९०	५.२३	२०,८२१,१२६
असार	७,२२५,३८९	-	-	*

*मिति २०८० आषाढ ०१ गते आएको बाढीका कारणले आयोजना बन्द रहेको अवधि ।

आयोजना	रोयल्टि बृद्धि हुने आ.ब.
इवा खोला परियोजना (९.९ मे.वा.)	२०९१/९२

आयोजना	शत प्रतिशत आयकर छुट अवधि	५० प्रतिशत आयकर छुट अवधि	सामान्य कर लागु
इवा खोला परियोजना (९.९ मे.वा.)	२०७६/७७ देखि २०८६/८७	२०८७/८८ देखि २०९१/९२	२०९२/९३

(४) ***रैराङ खोला साना जलविद्युत परियोजनाः*** रैराङ हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको पहिलो आयोजनाको रुपमा धादिङ जिल्लाको थाक्रे गाउँपालिकामा अवस्थित रैराङ खोलाबाट ५०० किलोवाट क्षमताको रैराङ खोला जलविद्युत आयोजना निर्माण गरि २०६१ साल देखि व्यवसायिक उत्पादन गर्दै आएको छ । यो आयोजना १ मेगावाट भन्दा कम रहेकोले निश्चित अवधिसम्म पश्चात् यस आयोजना नेपाल सरकारलाई हस्तान्तरण गर्नु पर्दैन ।

कुल लागत (रु.)	जम्मा ऋण (रु.)	बक्यौता ऋण (रु.)	ऋण उपभोग शुरु मिति	ऋण भुक्तान अवधि
५५,६१८,७५४	२,५०,००,०००	०	२०६० साल	१२ वर्ष

आयोजनाबाट उत्पादित विद्युत परिमाण, बिक्री दर तथा आय सम्बन्धी विवरण देहाय बमोजिम रहेकोछ :

महिना	ऊर्जा परिमाण (सम्झौता अनुरुप)	ऊर्जा परिमाण (विद्युत उत्पादन)	दर (रु.)	आय विवरण (रु.)
आ.व.२०७९/०८०				
श्रावण	२५१,५३९	११,६४५.००	३.९	३३,६२७.०
भाद्र	२५१,५२९	६८,७०३.००	३.९	२५६,४१३.०
असोज	२५१,५३९	३९,८५६.००	३.९	१४५,१५७.०
कार्तिक	२४३,४२५	६४,६९०.००	३.९	२३९,४०३.०
मंसीर	२३५,३११	१४३,२३६.००	३.९	५५६,५३३.०
पौष	२४०,०४७	१२८,६२२.००	५.५२	७०८,६०५.०
माघ	१५३,७२१	७७,८२३.००	५.५२	४२८,२५०.०
फागुन	१३४,००९	५५,२३७.००	५.५२	३०१,५६०.०
चैत्र	११०,२११	४५,६५४.००	५.५२	२४८,४५७.०
बैशाख	९०,२९६	४५,६५४.००	३.९	१७५,५४५.०
जेठ	९७,५७८	२७,३९६.००	३.९	१००,३१०.०
असार	२५९,६५३	३९,४११.००	३.९	१५०,३८७.०
आ.व.२०८०/०८१				
श्रावण	२५१,५३९	७१,८७८	३.९	२,७३,२३९
भाद्र	२५१,५२९	२,०१,२५६	३.९	७,८२,१०१
असोज	२५१,५३९	१,९६,९८१	३.९	७,६७,४४८

यस आयोजना १ मेगावाट भन्दा कम क्षमताको भएका कारणले रोयल्टी लाग्दैन ।

कम्पनीका उद्देश्यहरुः *कम्पनीको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् ।*

(क) देशमा जलविद्युत शक्तिको विकास गर्न स्वदेशी वा विदेशी संघ(संस्था तथा निजी उद्यमी एंव लगानीकर्ताहरुलाई एकआपसमा आबद्ध गरी विद्युतशक्ति उत्पादन, वितरण, प्रसारण लाइन निर्माण तथा संभार गर्ने ।
(ख) नेपाल विद्युत प्राधिकरण जस्ता समान उद्देश्य भएका अन्य संस्था वा कम्पनीहरूसँग सम्पर्क गरी पारस्परिक हित हुने कार्य गर्ने, विद्युत उत्पादन गरी केन्द्रीय प्रसारण लाईन मार्फत बिक्री गर्ने वा अन्य आईपर्ने आवश्यक कार्यगर्न सहयोगात्मक भूमिका निर्वाह गर्ने ।
(ग) नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृत लिई नेपालका नदी तथा खोलाबाट विभिन्नस्तरका जलविद्युत आयोजनाको निर्माण गरी संचालन गर्ने । वायुशक्ति, शौर्यशक्ति, फ्यूल प्लान्ट वा अन्य विकसीत प्रविधिसंग सम्बन्धित अनुसन्धान कार्य गर्नुका साथै संभावना देखिएका आयोजनाहरू तर्जुमा गरी विद्युत उत्पादन गर्ने ।
(घ) नेपाल विद्युत प्राधिकरणले संचालन गरेका पुराना जलविद्युत केन्द्रहरू लिजमा लिई पुनः संचालन गर्ने, विद्युत उत्पादन वृद्धीको लागि आवश्यक सम्झौता गर्ने, ठेक्का लिने, विद्युतसंग सम्बन्धित सेवा व्यवसाय गरी विदेशमा विद्युत निर्यात गरी विदेशी मुद्रा आर्जन गरी देश विकासको काममा सहभागी बन्ने ।
(ङ) विद्युत उत्पादन सम्बन्धी प्रविधि हस्तान्तरणको निमित्त अनुभवी एवं ख्याती प्राप्त अन्तर्राष्ट्रिय कम्पनीहरुसँग मैत्रिपूर्ण सम्बन्ध स्थापना गरी कम्पनीलाई हित हुने विषयहरूमा सम्झौता गर्ने तथा बिचारको आदान-प्रदान गर्ने, सभा, सेमिनारहरूको आयोजना गर्ने तथा देशमा विद्युत शक्तिको विकास गर्नको लागि आवश्यक जनशक्ति तयार गर्ने ।
(च) विद्युत प्रसारणका लागि विभिन्न भोल्टेजका ट्रान्समिसन लाईनहरुको अध्ययन, निर्माण तथा मर्मत संभार सम्बन्धी कामहरु गर्ने ।
(छ) विद्युत सम्बन्धी उपकरणहरु, मेशिन औजारहरु सामान विदेशबाट आयात तथा खरीद गरि उपयोग, बिक्री वितरण गर्ने, एजेन्सीको कार्य गर्ने ।
(ज) जलविद्युत तथा अन्य कम्पनीहरुमा शेयरधनी भई लगानी गर्ने ।
(झ) आवश्यकता अनुसार निम्न विषयहरुमा स्वदेश तथा विदेशमा रही परामर्शको कार्य गर्ने ।
(अ) सिभिल, इलेक्ट्रीकल, मेकानिकल र कम्प्युटर इन्जिनियरिङ्ग सम्बन्धी परामर्श सेवा प्रदान गर्ने (आ) वातावरण, भौगर्भिक, जल तथा मौसम र आर्थिक, सामाजिक वस्तुस्थितिको अध्ययन गरी परामर्श सेवा प्रदान गर्ने (इ) जलविद्युत आयोजनाहरुको पूर्व संभाव्यता, विस्तृत अध्ययन, निर्माण, सुपरिवेक्षण तथा मुल्याङ्कन गर्ने (ई) नविकरणिय उर्जा सम्बन्धी अध्ययन तथा परामर्श गर्ने (उ) जलविद्युत सम्बन्धी आर्थिक तथा सामाजिक अध्ययन तथा विश्लेषण सम्बन्धी परामर्श गर्ने ।

हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकम लगानी गरिने आयोजना सम्बन्धी विवरणः
हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकम साझा पावर कम्पनी लिमिटेड मार्फत प्रबर्द्धन गरिने सिन्धुपाल्चोक जिल्लाको बलेफि गाउँपालिकामा अवस्थित २० मेगावाट क्षमताको तल्लो बलेफि जलवद्युत आयोजनाको निर्माणमा लगानी गरिनेछ । उक्त आयोजनाको सम्बन्धि सक्षिप्त विवरण देहाए बमोजिम रहेको छ ।

विवरण	मिति
सर्भेक्षण अनुमति पत्र	२०७४/०४/२५
वातावरणिय मुल्याङ्कन प्रतिवेदन स्वीकृती	२०६७/०३/३०
विद्युत उत्पादन अनुमति पत्र	२०७७/०३/०५
विद्युत उत्पादन अनुमति पत्र अवधि	२०७७/०३/०५ देखि २११२/०३/०४ सम्म
ग्रिड कनेक्सन सम्झौता	२०७५/०३/१३
विद्युत खरीद बिक्री सम्झौता	२०७५/१०/०६, २५ वर्षका लागि
विद्युत उत्पादन सुरु गर्नु पर्ने मिति	२०८१/०७/१८
आयोजनामा रिडी पावरले लगानी गर्ने सम्झौता मिति	२०७९/०५/१६
आयोजना निर्माण शुरु मिति	२०८०/०४/१५

हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकम लगानी गरिने आयोजनाको भौतिक प्रगति विवरणः
कम्पनीले लगानी गर्ने तल्लो बलेफि जलविद्युत आयोजनाको निर्माण मिति २०८०/०४/१५ गतेबाट थालनि भएको हो । यस आयोजनामा हालसम्म विद्युत गृहसम्म जाने पहुँच मार्गको निर्माण सम्पन्न भईसकेको छ । आयोजनाका लागि कर्मचारी भवन निर्माण भैसकेको छ । आयोजनामा निर्माणका लागि सम्पूर्ण कार्यहरुलाई विभिन्न प्याकेजहरुमा छुट्याई निर्माण कार्य भईरहेको छ । जसअनुसार पछिल्लो अवस्थाको भौतिक प्रगति निम्नानुसार रहेको छ ।

विवरण	हालको अवस्था
आवश्यक जग्गा	जग्गा खरीद सम्पन्न
आयोजनाको कर्मचारी तथा प्रशासकिय भवन	निर्माण सम्पन्न
बिष्फोटक पदार्थ भण्डारण तथा आर्मी क्याम्प भवन	निर्माण सम्पन्न हुने चरणमा पुगेको
आयोजनाको विद्युतगृह निर्माण	ठेकेदार छनौट सम्पन्न
आयोजनाको सुरुङमार्ग निर्माण	पाराम्याक्स कन्सट्क्सन कम्पनीसँग निर्माण सम्झौता सम्पन्न र साईट मोबिलाईजेसन
आयोजनाको बाँधस्थल निर्माण	शेर्पा हाइड्रो कन्सट्क्सन कम्पनीसँग निर्माण सम्झौता सम्पन्न
प्रसारण लाईन निर्माण	ने.वि.प्रा.को लामोसाँघु सबस्टेसन सञ्चालनमा रहेको र प्रसारण लाईन निर्माणका लागि कन्ड्यक्टर छनौट भैरहेको छ ।

यो तल्लो बलेफि जलविद्युत परियोजनाको निर्माण लागत रु.४४०.०८ करोड अनुमान गरिएको छ । कुल लागत मध्ये ६७.२३ प्रतिशतले हुने रु.२९६.४ करोड बैक तथा वित्तीय संस्थाको कर्जा लगानी रहने र रु.१४४.५ करोड स्वपूँजी लगानी हुनेछ । कूल स्वपूँजी लगानी मध्येवाट रिडी पावर लिमिटेडले ५५ प्रतिशत रु.७८ करोड अन्य रणनितिक साझेदार कम्पनी लिमिटेडबाट २५ प्रतिशत रु.३७ करोड लगानी गर्ने छन् भने बाँकी रकम साझा पावर कम्पनी लि.को प्राथमिक शेयर जारी गरी लगानी गर्ने योजना रहेको छ । आयोजना निर्माणको कार्य ३० महिनामा सम्पन्न हुनेछ । आयोजनाले सर्म्पूण पुर्वाधार निर्माण कार्य सम्पन्न गरी पूर्ण क्षमतामा निर्माण कार्य सञ्चालन गरिरहेको छ । निर्माणको भौतिक कार्य प्रगति करिब २० प्रतिशत सम्पन्न भएको छ । तल्लो बलेफि जलविद्युत आयोजनाबाट वार्षिक १०५ गेगावाट घण्टा विद्युत शक्ति उत्पादन हुनेछ । सो विद्युत बिक्रीबाट कम्पनीलाई पहिलो वर्षमा रु.६२.३० करोड आम्दानी हुनेछ । आयोजनाको विद्युत बिक्री दर वर्षायामका लागि रु.४.८० र सुख्खायामका लागि रु.८.४० तय भएको छ । यो मूल्य दर ६।६ महिनाको हुने गरी मंसिर १६ देखि जेष्ठ १५ सम्मलाई सुख्खायाम र जेष्ठ १६ देखि मंसिर १५ सम्मलाई वर्षायाम कायम भएको छ । यो आयोजनाले ३ प्रतिशतका दरले ८ वर्ष सम्मका लागि मूल्य बृद्धि दर प्राप्त गर्नेछ । बैंकबाट लिएको परियोजना ऋण कर्जा १२ वर्ष भित्र चुक्ता भुक्तानी गर्नेछ । आयोजनाको साधारण ऋण फिर्ता अवधि (Simple Payback Period) ७.८० वर्षको रहेको छ । आयोजनाको Internal Rate of Return (IRR) ११.८८ प्रतिशत रहेको छ । यस आयोजनाको व्यवसायिक उत्पादन शुरु गरेको पहिलो वर्ष देखि नै शेयरधनिहरुलाई लाभांश वितरण गर्न सक्ने ठानिएको छ । यस आयोजनाको संस्थापक शेयरधनी भई काम गर्न उपयोगी र लाभदायक हुने ठानिएको छ ।

५. शेयर पूँजीको संरचना :

अधिकृत पूँजीः कम्पनीको अधिकृत पूँजी रु.२,५०,००,००,०००/- (अक्षरेपी दुई अरब पचास करोड)रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले २,५०,००,००० (दुई करोड पचास लाख) थान शेयरमा विभाजन गरिएको छ ।
२. **जारी पूँजीः** कम्पनीको जारी पूँजी रु.१,५४,८९,०१,२००/- (अक्षरेपी एक अरब चौवन्न करोड उनानब्बे लाख एक हजार दुई सय) रहेको छ । स्वीकृत विवरण पत्र मार्फत प्रस्तावित हकप्रद शेयर निष्काशन गरि बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.२,३२,३३,५१,८००/- (अक्षेरुपी दुई अर्व बत्तिस करोड तेत्तिस लाख एकाउन्न हजार आठ सय मात्र) हुनेछ ।
३. **चुक्ता पूँजीः** यस कम्पनीको हालको चुक्ता पूँजी रु.१,५४,८९,०१,२००/- (अक्षेरुपी एक अर्व चउन्न करोड उनान्बब्बे लाख एक हजार दुई सय मात्र) रहेको छ । स्वीकृत विवरण पत्र मार्फत प्रस्तावित हकप्रद शेयर निष्काशन गरि बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.२,३२,३३,५१,८००/- (अक्षेरुपी दुई अर्व बत्तिस करोड तेत्तिस लाख एकाउन्न हजार आठ सय मात्र) हुनेछ ।

६. हकप्रद शेयर निष्काशन गर्नु पूर्व र निष्काशन पश्चात् हुने संगठित संस्थाको चुक्ता पूँजीको संरचना :

हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गर्नु पूर्व यस कम्पनीको चुक्ता पूँजी रु.१,५४,८९,०१,२००/- रहेको छ । हकप्रद शेयर निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रु.२,३२,३३,५१,८००/- कायम हुनेछ । कम्पनीले सर्वसाधारणका लागि शेयर निष्काशन गरी बाँडफाँड पछिको पहिलो तीन वर्षसम्म लकईन पिरियडमा रहेको यस कम्पनीको संस्थापक शेयर मिति २०७३ चैत्र १८ गतेदेखि लकईन पिरियड समाप्त भई साधारण शेयरमा परिणत भई खुल्ला रुपमा कारोवार भईरहेको छ । स्वीकृत विवरण मार्फत रु.७७,४४,५०,६००/- (अक्षरुपी सत्तर करोड चौवालिस लाख पचास हजार छ सय रुपैंया मात्र) मूल्य बराबरको हकप्रद साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.२,३२,३३,५१,८००/- (अक्षरुपी दुई अर्व बत्तिस करोड तेत्तिस लाख एक्काउन हजार आठ सय रुपैंया मात्र) हुनेछ ।

विवरण	हकप्रद निष्काशन गर्नुपूर्व रकम (रु.)	हकप्रद निष्काशन पश्चात् रकम (रु.)
अधिकृत पूँजी	२,५०,००,००,०००	२,५०,००,००,०००
जारी पूँजी	१,५४,८९,०१,२००	२,३२,३३,५१,८००
चुक्ता पूँजी	१,५४,८९,०१,२००	२,३२,३३,५१,८००

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

कम्पनीको सञ्चालक समितिमा हाल निम्न बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ :

सि.नं.	नाम, ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शैक्षिक योग्यता/संकाय	प्रस्तावित व्यापार/व्यवसाय	शेयर संख्या	समूह	अनुभव
१.	श्री संजिव न्यौपाने का.म.न.पा.३१, काठमाण्डौं अपि पावर कं. लि. को तर्फबाट प्रतिनिधि	अध्यक्ष	४३	नेपाली	एम.बि.ए व्यवस्थापन	जल विद्युत क्षेत्रमा	७,११७ (०.०४%)	सर्वसाधारण	● जनता बैंक लि.मा वि.सं.२०७४ साल देखि वि.सं.२०७६ सम्म संचालक रही कार्य गरेको अनुभव ● मध्यपश्चिमाअञ्चल ग्रामिण विकास बैंक लि.मा वि.सं. २०६६ देखि वि.सं. २०६९ सम्म कार्यकारी अध्यक्ष गरी कार्य गरेको अनुभव ● रिडी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडमा वि.सं. २०६० साल देखि वि.सं. २०६२ सम्म प्रमुख वित्त अधिकृत रही कार्य गरेका अनुभव ● रिडि पावर लिमिटेड कम्पनीमा अपि पावर कम्पनीको प्रतिनिधित्व गर्दै अध्यक्ष पदमा रहि वि.सं.२०७९ फाल्गुण देखि कार्यरत ● अपि पावर कम्पनी लिमिटेडमा वि.सं. २०७० सालदेखि हालसम्म कार्यकारी संचालक पदमा कार्यरत ● इन्नवा हाइड्रोपावर लिमिटेडमा अपि पावर कम्पनी लिमिटेडको प्रतिनिधित्व गर्दै संचालक पदमा रहि वि.सं. २०७८ साल पौष देखि कार्यरत ।
२.	श्री रमेश प्रसाद न्यौपाने कोशी अञ्चल, मोरङ्ग जिल्ला, विराटनगर उप-म.न.पा.वडा नं. ११	सञ्चालक	५१	नेपाली	बि.बि.एस. व्यवस्थापन	-	१,७२,५८५ (१.०८%)	सर्वसाधारण	● अरुण काबेली पावर लि.मा सञ्चालक ● जनता बैंक नेपाल लि.मा सञ्चालक पदमा १ वर्ष कार्य गरेको अनुभव ● रिडी हाइड्रोपावर कम्पनी लिमिटेडमा आयोजना संयोजक पदमा कार्य गरेको अनुभव ● अरुण भ्याली हाइड्रोपावर कम्पनी लिमिटेडमा विभिन्न पदमा रही जलविद्युत क्षेत्रमा २० वर्षको कार्य अनुभव ।
३.	श्री साईका भण्डारी कोशी अञ्चल, मोरङ्ग जिल्ला, विराटनगर उप-म.न.पा. वडा ६	सञ्चालक	३६	नेपाली	एम.बि.ए. व्यवस्थापन	-	६,६२१ (०.०४१%)	सर्वसाधारण	● रिडी हाइड्रोपावर कम्पनी लिमिटेडमा विभिन्न पदमा रही जलविद्युत क्षेत्रमा १० वर्षको कार्य अनुभव ● हाल सोही कम्पनीमा संचालकको रुपमा कार्यरत ।
४.	श्री दिव्या कोईराला ललितपु उ.म.न.पा. वडा नं. ९	स्वतन्त्र सञ्चालक	३२	नेपाली	एम.बि.ए. व्यवस्थापन	-	छैन	स्वतन्त्र संचालक	● लेखापरिक्षण संस्था एन. अमात्य एण्ड कम्पनीमा रही विभिन्न कम्पनीहरुको आन्तरिक तथा बाह्य लेखापरीक्षण गरेको ५ वर्ष भन्दा बढीको अनुभव ● अन्तर्राष्ट्रिय संगठनहरुमा लेखा, बिक्री, अनुपालन बिभाग, पर्यवेक्षक आदिमइ काम गरेको ३ वर्ष भन्दा बढीको अनुभव ● काबेली इनर्जी लिमिटेड र अरुण काबेली पावर लि.मा वित्त प्रबन्धक रही कार्य गरेका अनुभव ।

कम्पनीले पालना गर्नेपर्ने संस्थागत सुशासन सम्बन्धी निर्देशिका संचालकहरुले पालना गर्नुपर्ने सम्पूर्ण व्यवस्थाहरुको पूर्ण पालना गरिएको उद्घोषण गर्दछौं ।

कम्पनीको प्रमुख कार्यकारी सञ्चालकको विवरण :
नाम : श्री साईका भण्डारी ठेगाना : मोरङ्ग जिल्ला, विराटनगर म.न.पा., वडा नं. ६ योग्यता : एम.बि.ए. व्यवस्थापन
अनुभव : रिडी पावर कम्पनी लिमिटेडमा विभिन्न पदमा रही जलविद्युत क्षेत्रमा १० वर्षको कार्य अनुभव ।

८. सञ्चालक समितिको बनौट :

कम्पनीको नियमावलीको नियम २७ (२) मा संशोधन भई पाँच जना सञ्चालक सदस्य रहेको एक संञालक समिति रहने व्यवस्था छ । सञ्चालक समितिमा संस्थापक समूह तथा सर्वसाधारण समूह भन्ने वर्गिकरण रहेको छैन । कम्पनीमा महिला तथा स्वतन्त्र सञ्चालकको व्यवस्था गरिएको छ । सञ्चालकहरूको कार्यकाल ४ वर्षको रहेको छ ।

कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरीद गरेको हुनु पर्नेछ । यस्तो शेयर खरीद गर्ने व्यक्तिले आफ्नो शेयर कुनै व्होराले कसैलाई धितो बन्धक दिएको वा राखेको हुनु हुँदैन । तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

शेयरधनीहरुको प्रतिनिधित्व गर्ने निर्वाचित संचालकहरु	४ जना
स्वतन्त्र संचालक	१ जना
जम्मा	५ जना

नोटः पाँच जना सञ्चालक सदस्य रहेकोमा हाल एक जना सञ्चालक सदस्यको पद रिक्त रहेको ।

९. निष्कासन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

हाल कायम रहेको चुक्ता पूँजी रु.१,५४,८९,०१,२००/- को १ शेयर बराबर नयाँ ०.५० शेयर (१ : ०.५०) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले जम्मा ७७,४४,५०६ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि कम्पनीको हकप्रद शेयर निष्काशन पूर्व कम्पनीको संचालक समितिको निर्णय अनुसार शेयरको दर्ता किताब बन्द गरेको मिति भन्दा अघिल्लो दिन सम्ममा शेयर खरीद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको १ शेयर बराबर ०.५० शेयर (१:०.५०) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले आवेदन दिन सक्नेछन् । हकप्रद शेयर बापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई पुर्ण कित्ताको रुपमा नपुग रकम समेत लिई दरखास्त लिने र त्यसो गर्दा कम्पनीको पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र, नियमावली वा चार्टरमा आवश्यक संशोधन गरी थप धितोपत्र बोर्डमा दर्ता गरिनेछ ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरीदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार संचालक समितिले तोके बमोजिम पारदर्शी तरिकाद्वारा लिलाम बढाबढ गरी बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ताहरु सबैलाई समान अवसर प्रदान गरिनेछ ।

१२. हकप्रद शेयर अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :

शेयरधनीहरुले आफूले हकप्रद आधारमा दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरीदका लागि दरखास्त दिन मिल्ने छैन तर आवेदन दिंदा साविकका शेयरधनीहरुको आफ्नो हक वापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई माथिल्लो पूर्ण कित्ताको रुपमा आवेदन दिन सक्नेछन् । उदाहरणको लागि आवेदन दिनुपर्ने कित्ता खण्डित जस्तै ३.१ हुन आएमा खण्डितको रुपमा रहेको अंकको माथिल्लो अंक जस्तै ४ कित्ताका (खण्डित शेयर ३.१ को माथिल्लो पूर्णाङ्क भनेको ४ भएकोले) लागि प्रति शेयर रु.१००/- कित्ताका दरले आवेदन दिन सक्नेछन् । यसरी आवेदन गर्दा पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न साधारण सभाबाट निर्णय गराइनेछ ।

१३. कम्पनीको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

विवरण	वास्तविक (रु.)			*(अपरिष्कृत) आश्विन मसान्त	प्रक्षेपित (रु. हजारमा)		
	आ.व.२०७७/०७८	आ.व.२०७८/०७९	आ.व.२०७९/०८०	आ.व.२०८०/८१	आ.व.२०८०/०८१	आ.व.२०८१/०८२	आ.व.२०८२/०८३
स्थिर सम्पत्ति							
सम्पत्ति, प्लाण्ट एण्ड मेशिनरी	१,२०,६१,२४,५४३	३,१८८,९२९,१७०	३,२०३,९६५,३२९	३२०५७३९०३४	३,२०४,५८६.५१	३,२०४,५८६.५१	३,२०४,५८६.५१
ह्रास कट्टी	७,८४,१६,६६१	२१६,३२०,५०६	३३५,२२३,१५८	३५७५९२०१२	(४२०,८८०.९३)	(५१७,४४६.४६)	(६१०,४४९.१४)
खुद सम्पत्ति	१,१२,७७,०७,८८२	२,९७२,६०८,६६४	२,८६८,७४२,१७१	२,८४८,१४७,०२१	२,७८३,७०५.५८	२,६८७,१४०.०४	२,५९४,१३७.३७
लगानी	१२,४१,३८,७६४	२३,०६,८१,१९९	३७८,१८१,१९९	४००,६८१,१९९	२१९,९६६.९०	२१९,९६६.९०	२१९,९६६.९०
सम्बद्ध कम्पनीमा लगानी	-	-	-	-	१०,७१४.३०	१०,७१४.३०	१०,७१४.३०
सहायक कम्पनीमा लगानी	-	-	-	-	९२५,४५०.६०	९२५,४५०.६०	९२५,४५०.६०
स्थगन कर सम्पत्ति	-	२,१८९,२८५		-	२,१८९.२९	२,१८९.२९	२,१८९.२९
कुल स्थीर सम्पत्ति	१,२५,१८,४६,६४६	३,२०५,४७८९,५०	३,२४६,९२३,३७०	३,२४८,८२८,२२०	३,९४२,०२६.६६	३,८४५,४६१.१३	३,७५२,४५८.४५
चालू सम्पत्ति							
नगद तथा बैंकमा जम्मा रकम	२७,१०,९२४	१९,०९,०७,९८२	२८,६६९,९७६	५,११४,२८२	१९८,५२०.१७	३६०,८६६.८२	४८२,८७४.४३
ऋण, पेश्की तथा जम्मा	३,३१,९३,४२४	१७,६२,९१,७२७	१४०,८२१,३०७	१६९,८५९,१८३	२९६,५२६.४२	३००,९७४.३१	३३१,०७१.७४
प्राप्त हुन बाँकी	२,२५,५२,५१५	५,३०,९४,२८४	४५,५७८,८७१	१७,५९२,५११	७२,८९२.५८	८७,५०४.७५	८७,४०३.३७
कुल चालू सम्पत्ति	५,८४,५६,८६३	४२,०२,९३,९९३	२१५,३७०,१५४	१९२,५६५,९७६	५६७,९३९.१७	७४९,३४५.८९	९०१,३४९.५५
जम्मा सम्पत्ति	१,३१,०३,०३,५०९	३,६२,५७,७३,१३९	३,४६२,२९३,५२४	३,४४१,३९४,१९६	४,५०९,९६५.८३	४,५९४,८०७.०२	४,६५३,८०८.००
पूँजी र दायित्व							
शेयर पूँजी	५८,५५,५८,०००	१,१०,६३,५८,०००	१,५४८,९०१,२००	१,५४८,९०१,२००	२,३२३,३५१.८०	२,३२३,३५१.८०	२,३२३,३५१.८०
पूँजीगत कोष					६६,९०८.२३	६६,९०८.२३	६६,९०८.२३
जगेडा कोष तथा सञ्चित नाफा	७,४०,७५,८६२	१०,९७,८६,५१३	३४,५०१,०१८	३६,८९९,३६८	१५८,४४०.३५	३०२,५०३.२९	४५४,५९६.९८
जम्मा	६५,९६,,३३,,८६२	१,६५,६१,४४,५१३	१,५८३,४०२,२१८	१,५८५,८००,५६८	२,५४८,७००.३८	२,६९२,७६३.३२	२,८४४,८५७.०१
दिर्घकालिन दायित्व							
बैंक ऋण (दिर्घकालिन)	५१,४९,८९,३२४	१,६७,११,३८,८१९	१,७२०,०२९,३८१	१,७१३,८०५,४४८	१,६३८,८८४.३५	१,५४१,५२०.७५	१,४२३,५३७.१५
अल्पकालिन दायित्व							
बैंक ओभरड्राफ्ट कर्जा	-	-	-	-	९०,३३६.६४	१००,०००.००	१००,०००.००
अन्य तिर्नुपर्ने	१३,५६,८०,३२५	२९,८४,८९,८०७	१५८,८६१,९२५	१४१,७८८,१८०	२३२,०४४.४६	२६०,५२२.९५	२८५,४१३.८४
कुल अल्पकालिन दायित्व	६५०६६९६४९	१९६९६२८६२६	१,८७८,८९१,३०६	१,८५५,५९३,६२८	३२२,३८१.१०	३६०,५२२.९५	३८५,४१३.८४
जम्मा पूँजी तथा दायित्व	१,३१,०३,०३,५०९	३,६२,५७,७३,१३९	३,४६२,२९३,५२४	३,४४१,३९४,१९६	४,५०९,९६५.८३	४,५९४,८०७.०२	४,६५३,८०८.००

नाफा-नोक्सान हिसाव

विवरण	वास्तविक (रु.)			*(अपरिष्कृत) आश्विन मसान्त	प्रक्षेपित (रु. हजारमा)		
	आ.व.२०७७/०७८	आ.व.२०७८/०७९	आ.व.२०७९/०८०	आ.व.२०८०/८१	आ.व.२०८०/०८१	आ.व.२०८१/०८२	आ.व.२०८२/०८३
विद्युत बिक्रीबाट आम्दानी	११,४१,८९,८२३	१४,९५,५५,३९१	३३२,८५७,७८७	४०२६७५०३	३४४,५२८.३२	५१०,३३०.११	५०९,३५१.८५
	-	-	-	-	३४४,५२८.३२	५१०,३३०.११	५०९,३५१.८५
अन्य आम्दानी	५,७५,८१,६४८	६१,११,५०,१२०	६,८६७,७६३	९६९२	१८५,६५४.३१	२९,३९६.७८	३०,१३६.७९
जम्मा आम्दानी	१७,१७,७१,४७०	७६,०७,०५,५११	३३९,७२५,५५०	४०२२७१९५	५३०,१८२.६३	५३९,७२६.८९	५३९,४८८.६४
रोयल्टी	१०,९६,५०१	१३,७९,३०३	५८,२४,३१४	३६१,८०७	-	-	-
प्रशासकीय खर्च	८०,४९,४९०	२,६२,७९,८८२	२५,७०४,१६५	५,६२२,८७७	३९,४४५.२८	३१,९६७.५४	३३,५६५.९२
आयोजना सञ्चालन खर्च	१,८५,९६,५३३	२,०४,०६,७८७	६२,२९०,९८०	६,३२५,०३१	६६,४९५.९३	८०,१७२.२२	८३,३५०.७३
सञ्चालन मुनाफा	१४,३८,१२,९४५	७१,४०,१८,८४१	२४५,९०६,०९१	२७,९१७,४८०	-	-	-
ब्याज खर्च	२,९०,८४,३८१	३,३०,३६,३८७	१७०,८४५,८२५	४७,३८७,५५१	१४४,०१८.००	१७३,८८८.४३	१६४,१५२.०७
ह्रास खर्च	२,२१,३६,५३४	४,६०,२३,०९१	११८,९०२,६५२	२८,०८८,६२७	१००,३०८.५१	९६,५६५.५३	९३,००२.६९
बोनस अघिको नाफा	९,२५,९२,०३१	६३,४९,५९,३६३	(४३८४२३८६)	(४७,५०८,६९८)	११४.७९	२,५५४.७३	२,७०५.६१
कर्मचारी बोनस	११,८९,७१६	४,७६,१८५	-	-	-	-	-
बोनस पछिको नाफा	९,१४,०२,३१५	६३४४८३१७९	(४३८४२३८६)	(४७,५०८,६९८)	-	-	-
आयकर कट्टी गर्नु अघिको नाफा	९,१४,०२,३१५	६३४४८३१७९	(४३८४२३८६)	(४७,५०८,६९८)	१८०,०२९.७१	१५४,५७८.४४	१६२,७११.६२
आयकर	१,७४,५४,९५०	१४,९९,३४,१८७	३,४१८,८७७	-	४,९६५.३७	९,०६०.३१	९,०८१.६४
आयकर पछिको नाफा	७,३९,४७,३६५	४८,८९,२७,५६१	(४९४५०५४७)	(४७,५०८,६९८)	-	-	-
संस्थागत समाजिक उत्तर दायित्व (CSR) व्यवस्था	९,१४,०२३	६३,४४,८३२	०		१,७५०.६४	१,४५५.१८	१,५३६.३०
आयकर पछिको खुद नाफा	७,३०,३३,३४२	४८,२५,८२,७२९	(४९४५०५४७)	(४७,५०८,६९८)	१७३,३१३.६९	१४४,०६२.९५	१५२,०९३.६९
चालु वर्षको नाफा नोक्सान	७,३०,३३,३४२	४८,२५,८२,७२९	(४९४५०५४७)	(४७,५०८,६९८)	-	-	-
गत वर्षसम्मको सञ्चित	३,०३,२०,४०५	७,४०,७५,८६२	४८२,८७८,२८३	(३२,४०७,२१२)	-	-	-
बोनस शेयर प्रदान	२,७८,८३,७००	७,०२,६६,९६०	४४२५४३२००	-	-	-	-
लाभांस कर	१३,९४,१८५	३५,१३,३४७	२३,२९१,७४७	-	-	-	-
सञ्चितीबाट नगद लाभांस वितरण					-	-	-
मौज्दात जगेडा कोष र सञ्चित सारेको	७,४०,७५,८६२	४८,२८,७८,२८३	(३२,४०७,२१२)	(७९,९१५,९१०)	-	-	-
प्रति शेयर आम्दानी					७.८३	६.२०	६.५४

नोटः १. ** व्यवस्थापनबाट प्रमाणित आ.व. २०८०/८१ को आश्विन मसान्त सम्मको अपरिस्कृत वित्तीय विवरण ।*
२. *लेखापरिक्षकले कम्पनीको वित्तीय विवरण नेपाल नित्तीय प्रतिबेदन मान (Nepal Financial Reporting Standards) बमोजिम नभएको भनि राय व्यक्त गर्न असमर्थता (Disclaimer of Opinion) उल्लेख गरिएको छ । गत आर्थिक वर्षहरुमा यस कम्पनी र साविकककको रैराङ हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड बीच मर्जर प्रकृयामा रहेको कारणबाट नेपाल नित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards) पालना गर्न व्यवहारीक कठिनाईका कारणले सो पालना गर्न नसकिएको हो । आगामि आर्थिक वर्षबाट उपरोक्त वित्तिय विवरण (Nepal Financial Reporting Standards) अनुसार तयार पारिने व्हेहोरा जानकारी गराइन्छ ।*
३. *आ.व. २०७७/७८ को लेखापरिक्षकको प्रतिवेदन बमोजिम रैराङ हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड को सम्पत्ति तथा दायित्वलाई उचित मुल्यमा लेखाप्न नगरिनु तथा ह्रास कट्टी मुल्याङ्कन गर्ने विधिको कारण आ.व. २०७७/७८ को कुल नाफा रु.चार करोडले अतिमुल्याङ्कन भएको छ ।*
४. *आ.व. २०७९/८० मा कम्पनीको ठुलो आयोजनामध्यको ईवाखोला जलविद्युत आयोजना बाढीका कारणबाट ३ महीना भन्दा बढी समय सञ्चालनमा आउन नसकेको र उक्त क्षतीको बीमा वापतको रकम समेत प्राप्त भईनसकेको कारणले आ.व. २०७८/७९ मा भन्दा आ.व. २०७९/८० मा कुल नाफा घटेर कम्पनी घाटामा गएको देखिन्छ ।*
५. *आ.व. २०७८/७९ मा कम्पनीले लगानीको निसर्गबाट नाफा आम्दानी गरेको र उक्त प्राप्त आम्दानीले सोही आर्थिक वर्षमा पुनः दोस्रो बजारमा शेयरमा लगानी गरेकोले सोही आर्थिक वर्षमा लगानी रकम रु.१० करोडले बढेको देखिन्छ ।*
६. *आ.व. २०७८/७९ को वित्तीय विवरण अनुसारको समायोजन हुन बाँकी रकम रु.६ करोड समायोजन भई कर चुक्ता समेत प्राप्त भइसेको छ ।*

सञ्चालन अवधीको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी, प्रति शेयर नेटवर्थ

विवरण	वास्तविक			*(अपरिष्कृत) आश्विन मसान्त	प्रक्षेपित		
	आ.व.२०७७/०७८	आ.व.२०७८/०७९	आ.व.२०७९/०८०	आ.व.२०८०/८१	आ.व.२०८०/०८१	आ.व.२०८१/०८२	आ.व.२०८२/०८३
चुक्ता पूँजी	५५,७६,७४,३००	५८,५५,५८,०००	१,१०,६३,५८,०००	१,५४८,९०,१२,०००	२,३२,३३,५१,८००	२,३२,३३,५१,८००	२,३२,३३,५१,८००
जगेडा कोष तथा संचित नाफा	३,०३,२०,४०५	७,४०,७५,८६२	१०,९७,८६,५१३	५,१८,०६,७७०	२२५,३४८,५७८	३६९,४११,५२४	५२१,५०५,२१०
जम्मा	५८,७९,९४,७०५	६५,९६,३३,८६२	१,६५,६१,४४,५१३	१,६०,०७,०७,९७०	२,५४८,७००,३७८	२,६९२,७६३,३२४	२,८४४,८५७,०१०
अपलेखन गर्न बांकी खर्च							
जम्मा (नेटवर्थ)							
शेयर संख्या	५५,७६,७४३	५८,५५,५८०	१,१०,६३,५८०	१,५४,८९,०१२	२३,२३३,५१८	२३,२३३,५१८	२३,२३३,५१८
प्रति शेयर नेटवर्थ	१०५.४३	११२.६५	१४९.६९	१०३.३४	१०९.७०	११५.९०	१२२.४५
नेटवर्थमा औषत प्रतिफल (%)	४.८८%	११.०७%	२९.१४%	-२.०१%	६.८०%	५.३५%	५.३५%
प्रति शेयर आम्दानी	५.१५	१२.४७	४३.६२	-२.०७	७.४६	६.२०	६.५५
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा					१२.७५%		

वित्तीय प्रक्षेपणका प्रमुख आधारहरु :

(१) **विद्युत बिक्रीबाट प्राप्त हुने आम्दानी :** देहाय बमोजिमका आयोजनाबाट कम्पनीको आम्दानी देहाय मितिबाट भएको हो ।

क्र.सं.	आयोजना	व्यवसायीक उत्पादन शुरु मिति
१	रिडीखोला जलविद्युत आयोजन (२.४ मे.वा.)	२०६६/०७/१०
२	इवाखोला जलविद्युत आयोजना (९.९ मे.वा.)	२०७६/०६/२०
३	रैराङखोला साना जलविद्युत आयोजना (०.५ मे.वा.)	२०७८/०५/०६
४	बुटवल सोलार आयोजना (८.५ मे.वा.)	२०७७/०७/१५

रिडीखोला साना जलविद्युत आयोजना (२.४ मे.वा.), इवाखोला जलविद्यु आयोजना (९.९ मे.वा.), रैराङखोला साना जलविद्युत आयोजना (०.५ मे.वा.), तथा बुटवल सौर्य विद्युत आयोजना (८.५ मे.वा.) बाट हुने आम्दानी आ.व. २०७८/०७९ सम्म वास्तविक आधारमा लिइएको छ । सो पश्चात् देहाय बमोजिम उत्पादन प्रक्षेपण गरिएको छ ।

क्र.सं.	आयोजना	आ.व.८०/८१	आ.व.८१/८२	आ.व.८२/८३
१	रिडीखोला जलविद्युत आयोजन (२.४ मे.वा.)	६४,४१६,७३०	६४,४१६,७३०	६४,४१६,७३०
२	इवाखोला जलविद्युत आयोजना (९.९ मे.वा.)	१७१,७२४,८९०	३३८,५१४,८१०	३३८,५१४,८१०
३	रैराङखोला साना जलविद्युत आयोजना (०.५ मे.वा.)	९,५७३,२३०	९,५७३,२३०	९,५७३,२३
४	बुटवल सोलार आयोजना (८.५ मे.वा.)	९८,८१३,४७०	९७,८२५,३४०	९६,८४७,०९

उर्जा बिक्री दर : आयोजनाहरुबाट उत्पादन भएको उर्जाको उर्जा बिक्री दर देहाय बमोजिम रहेको छ ।

क्र.सं.	आयोजना	दर रु./kWh
१	रिडीखोला जलविद्युत आयोजन (२.४ मे.वा.)	३.९० (बैशाख - मंसिर)
		५.५२ (पौष - चैत्र)
२	इवाखोला जलविद्युत आयोजना (९.९ मे.वा.)	४.८० (बैशाख - मंसिर)
		८.४० (पौष - चैत्र)
३	रैराङखोला साना जलविद्युत आयोजना (०.५ मे.वा.)	३.९० (बैशाख - मंसिर)
		५.५२ (पौष - चैत्र)
४	बुटवल सोलार आयोजना (८.५ मे.वा.)	७.३० (सम्पूर्ण आयोजना अवधिभर)

*माथि उल्लेखित इवाखोला जलविद्युत आयोजनाको दर व्यवसायिक उत्पादन भएको पहिलो वर्षको हो । व्यवसायिक उत्पादन भएको पहिलो ५ वर्षको वार्षिक ३ प्रतिशत वृद्धि हुनेछ । सो पश्चात् दरहरु रु. ५.५२/kWh (बैशाख - मंसिर) र रु. ९.६६/kWh (पौष - चैत्र) स्थिर रहनेछ ।

(२) **अन्य श्रोतबाट आम्दानी :** नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री वाहेक निम्न श्रोतहरुबाट कम्पनीको आम्दानी हुने अनुमान गरिएको छ ।

क्र.सं.	आयोजना	आ.व.८०/८१	आ.व.८१/८२	आ.व.८२/८३
१	लाभांश आम्दानी	२१,९९६,६९०	२१,९९६,६९०	२१,९९६,६९०
२	ब्याज आम्दानी	६,५१३,४९४	७,१६४,८४४	७,८८१,३३०
३	अन्य आम्दानी	२१३,८६१	२३५,२४७	२५८,७७०
४	बीमा दाबी भुक्तानी	१५६,९३०,२६७	-	-
	जम्मा	१८५,६५४३१०	२९,३९६,७८१	३०,१३६,७९९

(३) **रोयल्टी :** कम्पनीले देहाय बमोजिमको प्रचलित दर बमोजिम उर्जा विक्रीमा रोयल्टी भुक्तानी गर्ने अनुमान गरिएको छ ।

क्र.सं.	विवरण	रोयल्टी (जडित क्षमताको आधारमा)	रोयल्टी (उत्पादनको आधारमा)
१	जलविद्युत आयोजना	रु.१,००,०००/- मे.वा. (पहिलो १५ वर्ष) विद्युत बिक्री रकमको २ प्रतिशत (पहिलो १५ वर्ष)	रु. १०,००,०००/- मे.वा. (१५ वर्ष पश्चात्) विद्युत बिक्री रकमको २ प्रतिशत (१५ वर्ष पश्चात्)
२	सोलार आयोजना	नलाग्ने	नलाग्ने

(४) **वित्तीय खर्च :** कन्सोर्टियम कर्जाको ब्याज तल उल्लेखित आधारमा अनुमान गरिएको छ ।

क्र.सं.	कर्जा	ब्याज दर
१	बुटवल सोलार आयोजना (८.५ मे.वा.)	१०.०५
२	इवाखोला जलविद्युत आयोजना (९.९ मे.वा.)	१०.०५

(५) **ह्रास कट्टी/परिशोधनः** ह्रास कट्टी/परिशोधन निम्न बमोजिम नीति अवलम्बन गरिएको छ ।
क. जलविद्युत आयोजना/सोलार आयोजनाः जलविद्युत आयोजना/सोलार आयोजनासँग सम्बन्धित सम्पूर्ण खर्चलाई आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र बहाल रहने अवधि वा विद्युत खरीद बिक्री सम्झौता बहाल रहने अवधि मध्ये जुन अगावै समाप्त हुन्छ सो अवधिमा Straight Line Method मा ह्रास कट्टी गरिएको छ ।
ख. शेयर निष्काशन खर्चको परिशोधनः सर्वसाधारणको शेयर निष्काशन खर्च आर्थिक बर्ष २०८०/८१ मा अपलेखन गरिएको छ ।
ग. अन्य सम्पत्तिः अन्य सम्पत्तिमा आयकर ऐन, २०५८ मा उल्लेख भएको दर बमोजिम ह्रासकट्टि गरिनेछ ।
(६) **आयकर :** प्रचलित नीति बमोजिम जलविद्युत/सोलार आयोजनालाई व्यवसायिक संचालन भएको पहिलो १० वर्षका लागि १००% आयकर छुट गरिएको हुनाले प्रक्षेपित अवधिको लागि जलविद्युत आयोजना/सौर्यबाट भएको नाफामा आयकरको व्यवस्था गरिएको छैन । कम्पनीको अन्य आम्दानीमा २१.२५% आयकर व्यवस्था गरिएको छ ।
(७) **हकप्रद निष्काशन :** कम्पनीले हकप्रद निष्काशन मार्फत प्राप्त हुने सम्पूर्ण रकम तल्लो बलेफि जलविद्युत आयोजनामा लगानी गर्ने प्रक्षेपण गरिएको छ ।

आयोजनाको जडित विद्युत अनुमानित विद्युत उत्पादन क्षमता

परियोजना	अनुमानित क्षमता
रिडीखोला जलविद्युत आयोजन (२.४ मे.वा.)	९५%
इवाखोला जलविद्युत आयोजना (९.९ मे.वा.)	९५%
रैराङखोला साना जलविद्युत आयोजना (०.५ मे.वा.)	९५%
बुटवल सोलार आयोजना (८.५ मे.वा.)	प्रत्यक वर्ष efficiency ९९% हुँदै जाने

(८) **दिर्घकालिन ऋण :** कम्पनीले इवाखोला जलविद्युत आयोजना र बुटवल सौर्य आयोजनाको ऋण भुक्तान गर्दै आएको छ ।

परियोजना	जम्मा ऋण (रु.)	बक्यौता ऋण (रु.)
इवाखोला जलविद्युत आयोजना	१,३४,१९,००,०००	१,२२,६१,६४,१९६
ग्लोबल आइ एम आइ बैंक लि.	५२,३६,६०,०००	४८,०८,०२,१०८
सिद्धार्थ बैंक लि.	२०,००,००,०००	१८,९४,४६,११२
माच्छापुच्छ्रे बैंक लि.	२२,८५,४५,०००	२१,७५,१९,३३९
सिटिजन्स बैंक इन्टरनेसनल लि.	२२,८५,४५,०००	२१,७५,२६,२०६
कुमारी बैंक लि.	१३,००,०७,०००	१२०८७०४२८
बुटवल सोलार आयोजना	५६,००,००,०००	३८,४०,७५,२५२
ग्लोबल आइ एम आइ बैंक लि.	२६,००,००,०००	१४,८८,९२,४७२
सिटिजन्स बैंक इन्टरनेसनल लि.	१५,००,००,०००	११,७५,४७,०८१
नबिल बैंक लि.	१५,००,००,०००	११,७६,३५,६९९

कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोबारको आधारमा शेयर निष्काशन गर्ने कम्पनीले तयार गरेको हो । उक्त वित्तीय प्रक्षेपणका आधारहरु तथा तरिका पुनरावलोकन गरि ठिक छ भनि श्री आई.पि.मैनालि एण्ड एसोसिट्सले गर्नु भएको हो ।

१४. संगठित संस्थाले गर्ने भएको काममा निहित सम्भावित आर्थिक जोखिमहरु :

(१) **वित्तीय साधनको अभाववाट हुने जोखिम :**
- नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने ।
- परियोजना निर्माणका लागि बैंकबाट ऋण प्राप्त हुन नसकेमा जोखिम उत्पन्न हुनेछ ।

(२) **कच्चा पदार्थको अभाववाट हुने जोखिम :**
- जलस्रोतको मुहानको वातावरणमा अप्रत्यासित रुपमा परिवर्तन भै पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने ।
- निर्माण सम्पन्न परियोजनाहरुको मर्मत सम्भार गर्दा तथा निर्माणाधीन आयोजनालाई चाहिने अन्य कच्चा पदार्थहरु फलाम, मेशिन, छड जस्ता कच्चा पदार्थहरुको अभाव हुँदा जोखिम उत्पन्न हुने ।

(३) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :** बजारको जोखिम नरहेको ।
- कम्पनीको परियोजनाहरुबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरीद गर्ने सम्भौता भै सकेको हुनाले यस्तो जोखिम नरहेको ।
- नेपाल विद्युत प्राधिकरण पुर्णतय नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुँदा विद्युत बिक्रीबाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको छ ।

(४) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Over Run) को जोखिम :** कम्पनीको निर्माण सम्पन्न आयोजनाहरु समयमै निर्माण सम्पन्न भई उत्पादित विद्युत बिक्री भईरहेको हुँदा लागतमा बृद्धि हुने जोखिम नरहेको तर हाल प्रस्तावित तल्लो बलेफि जलविद्युत आयोजना सम्पन्न हुन बाँकी भएको हुँदा मूल्य अभिबृद्धिको जोखिम रहेको ।

(५) **विदेशी विनिमयको जोखिम :**
- निर्माण सम्पन्न परियोजनाहरुको मर्मत सम्भार गर्दा आवश्यक इलेक्ट्रोमेकानिकल उपकरण खरीद विदेशी मुद्रा आयात हुने अवस्थामा विदेशी विनियम दरमा हुने परिवर्तने कम्पनीलाई जोखिम रहेको ।
- निर्माणधीन माथिल्लो चमेलिया जलविद्युत आयोजनालाई आवश्यक इलेक्ट्रोमेकानिकल उपकरण खरीद विदेशी मुद्रा (युरो)मा अष्ट्रियाबाट आयात हुने व्यवस्था रहेको र आवश्यक फलाम पाता/पाईपको खरीद विदेशी मुद्रा (अमेरिकन डलर) मा भारतबाट आयात हुने व्यवस्था रहेको हुँदा उल्लेखित विदेशी मुद्राको दरमा बृद्धि भएमा निर्माणधीन आयोजनामा मुद्राको विनिमयको जोखिम रहेको ।

(६) **कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरू :** हाल कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरि सकेको र प्राप्त गर्नुपर्ने सम्पुर्ण इजाजतपत्रहरु प्राप्त गरि सकेकोले सो जोखिम नरहेको ।

(७) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :** अन्तर्राष्ट्रिय बजारमा आर्थिक तथा अन्य कुनै पनि किसिमको मन्दीबाट शेयर बजारमा असर परेमा शेयर मुल्यमा असर पर्न सक्ने जोखिम रहेको ।

(८) **सरकारी नीति तथा नियमहरूमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :** कर, भन्सार, विद्युतिय उपकरणहरु आयातमा कुनै पनि नितिगत परिवर्तन भएमा यस्ता जोखिम रहने ।

(९) **सञ्चालन अनुभवको अभाव :** नयाँ प्रबिधिका उपकरण तथा मेसिनहरु सञ्चालन तथा परिवर्तन गर्ने कार्यमा ढिलाई तथा विद्युत आम्दानी खेर जाने जोखिम रहन सक्छ ।

(१०) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :** उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा हो, जसले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरु जोखिम कम व्यवसाय हो । तथापी भविष्यमा अन्य श्रोतबाट विद्युत उत्पादन भएमा भने केही हदसम्म यस व्यवसायमा असर पार्ने जोखिम रहेको छ ।

(११) **पूर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम :**

(१२) **दैविप्रकोप तथा काबु बाहिरको परिस्थीति उत्पन्न भै आयोजना निर्माण कार्यमा ढिलाई भएमा आयोजनाको लागत बढ्नुका साथै आम्दानीको श्रोतमा असर पर्ने । जलविद्युत आयोजना निर्माण गर्दा हुने जोखिमहरु मध्ये भुकम्प, वाढी पहिरो जस्ता कारणले हुने क्षती र यसबाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्युनिकरणका लागि परियोजनाको सम्पुर्ण सम्पतीलाई खाम्ने गरी विमाको व्यवस्था गरिएको छ । जलवायु परिवर्तन बाट खोलामा पानिको वाहावमा थप घट हुन गई तदअनुरुप विद्युत उत्पादनमा घटबढ हुन सक्दछ । यसका लागि विद्युत उत्पादनमा कमी आएमा हर्जाना मिनाहा हुने व्यवस्था रहेको छ ।**

(१३) **देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु :** देशको राजनैतिक अस्थिरताका कारण सरकारले लिएका गलत निर्णयले अर्थतन्त्रमा नकारात्मक परिवर्तन आएमा, देशमा तरलता अभाव भएमा, नितिगत निर्णयमा नियमक निकायको भरपर्दो भुमिका नरहेमा, आर्थिक तथा नितिगत जोखिम रहेको ।

(१४) **पूँजी बजारको अवस्थामा आउने उतार चढाववाट पर्न सक्ने जोखिमहरु :** रिडी पावर कम्पनी लिमिटेडल नेपाल स्टक एक्सचेन्जमा सुचिकृत भई कारोबार गरिरहेको कम्पनी हो । कम्पनीको शेयरको बजार मुल्य, लागत मुल्य तथा किताव मुल्य भन्दा अधिक रहेको छ सो कारण हाल जोखिम नरहेको ।

(१५) **सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनको धारणा :** नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको व्यवस्थापनको धारणा रहेको छ । साथै उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखीम रहेको धारणा व्यवस्थापनको रहेको छ । जोखिम न्यूनिकरण गर्न विमा समेत गरिएको छ ।

कम्पनीको संचालनमा रहेका जलविद्युत आयोजनाको बिमा विवरणः

क्र.सं.	आयोजना तथा बीमा विवरण	बीमा मिति	बीमा अवधि	बीमा कम्पनी	बीमांक रकम
१	बुटवल सोलार आयोजना LOP	१३/०१/२०२३	१२/०१/२०२४	नेको इन्स्योरेन्स	५,२९,६३,६३१/-
२.	बुटवल सोलार आयोजना Property	२३/१२/२०२३	२२/१२/२०२४	नेको इन्स्योरेन्स	५४,१३,९५,९४०/-
३.	इवाखोला आयोजना Property	१७/०७/२०२३	१६/०७/२०२४	सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड	१,१५,३२,४९,८००/-
४.	रिडीखोला जलविद्युत आयोजना Property	१२/०८/२०२३	११/०८/२०२४	हिमालय ऐभरेष्ट इन्स्योरेन्स लिमिटेड	२०,५०,००,०००/-

(१६) **धितोपत्र मुल्य परिवर्तन सम्बन्धी जोखिमः** रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१५. हकप्रद साधारण शेयर खरीद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

(क) स्वीकृत विवरणपत्र अनुसार जारी गरिने हकप्रद शेयर खरीदका लागि यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिन सम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १ : ०.५ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ ०.५ कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।
(ख) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा कम्पनीद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, आफूले खरीद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।
(ग) दरखास्त फाराममा अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।
(घ) दरखास्तसाथ प्रति शेयर रु.१००/- को दरले आफूले हकप्रद आधारमा खरीद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ । भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फाराममा अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।
(ङ) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन् । शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरीद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन् ।
(च) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ । यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।
(छ) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्ने छैन ।
(ज) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि कम्पनीको सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ ।
(झ) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं. माग गरी तथा हितग्राही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाँड भई कायम बाँडफाँडमा परेको शेयर कित्ता जम्मा गरिनेछ ।
(ञ) आवेदन दिंदा एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फाराम भर्नु पर्नेछ ।
(ट) रु.५,००,०००/- भन्दा बढीको आवेदन दिनेले PAN नम्बर खुलाउनुपर्ने छ ।

१६. कम्पनीको विगत तीन आर्थिक वर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

आर्थिक वर्ष	अधिकतम शेयर मूल्य (रू.)	न्युनतम शेयर मूल्य (रू.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या
०७७/०७८	७००	७९	५७६	७०,२८२
०७८/०७९	१११८	५४४	८३८	५५,९३५
०७९/०८०	६९४	२३४.४०	२४३	९९,३१५

महिना	अधिकतम शेयर मूल्य (रु.)	न्युनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या
कार्तिक ०८०	१९९	१८४	१८८.४०	१,३९,७७२
मंसिर ०८०	२०९	१७६.६०	२०२.१०	४,७२,६२४
पौष ०८०	२५१	१९४.२०	२४८	१७,०१,१८१

द्रष्टव्यः यस कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

१७. शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :

कम्पनीले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरीद आव्हान गरेको शेयर बिक्री बन्द भएको मितिले बढीमा १५ कार्यदिन भित्र शेयरहरुको बाँडफाँड गरी सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नेछ ।

१८. धितोपत्र सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" को दफा ६ मा भएको व्यवस्था अनुसार धितोपत्र सूचीकरणका लागि नेपाल धितोपत्र बोर्डबाट हकप्रद शेयर स्वीकृत भएको बढीमा सात कार्य दिन भित्र आफ्नो धितोपत्र सूचीकरणका लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिईनेछ र हकप्रद शेयर स्वीकृत भएको सात कार्य दिनभित्र सङ्गठित संस्थाले आफ्नो धितोपत्रको अभौतिकीकरणका लागि सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिइनेछ ।

१९. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

साविकको शेयरवालाले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरीद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची-११ को ढाँचामा सम्बन्धित कम्पनीको रजिष्टर्ड कार्यालय, ट्रेड टावर, थापाथली, काठमाण्डौमा निवेदन दिई मनोनयन गर्न सक्नेछ
(क) हकप्रद शेयर खरीद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा व्यवस्था भएको,
(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने व्यवस्था नियम १७ को उपनियम (४) बमोजिम प्रकाशित विवरणमा व्यवस्था गरिएको,
(ग) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली वा सम्बन्धित नियामक निकायले शेयरको स्वामित्व संख्याको सीमा तोकेकोमा त्यस्तो सिमा भित्र रहेको,
(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको,
(ङ) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको,
(च) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरीद गर्न अयोग्य नभएको,
(छ) मनोनयन गर्दा एक व्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ,
(ज) मनोनयनका लागि निवेदन दिंदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनी (शेयरवाला) ले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।
(झ) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर बिक्रीको लागि उपनियम (१) बमोजिम अन्य व्यक्तिलाई मनोनयन गरेमा त्यस्तो शेयरवालाले सोही संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरीद गर्न पाउने छैन ।
(ञ) धितोपत्र बजारले बोर्डको स्वीकृति लिई धितोपत्र बजार मार्फत हक हस्तान्तरण सम्बन्धी व्यवस्था गरेमा सोही बमोजिम हक हस्तान्तरण हुन सक्नेछ ।

२०. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

१. कम्पनीले हकप्रद शेयर जारी गरे वापत प्राप्त गर्ने रकमलाई आफ्नो सहायक कम्पनी श्री साझा पावर डेभलपमेन्ट कम्पनी लिमिटेडमार्फत तल्लो बलेफि जलविद्युत आयोजनामा स्वपूँजिको रुपमा लगानी गर्नेछ ।
२. कम्पनीले हकप्रद शेयर जारी गरेबापत प्राप्त गर्ने रकमलाई लगानी गरि शेयरधनिलाई उच्चतम मुनाफा दिने आयोजना हेरी मात्र लगानी गर्नेछ ।

२१. हकप्रद निष्काशनबाट प्राप्त हुने कूल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

हकप्रदबाट प्राप्त हुने रकम तल्लो बलेफि जलविद्युत आयोजनाको आवश्यक स्वपूँजी (Equity) रुपमा लगानी गरिने छ । बैंकहरुसंग ऋण सम्झैता सम्पन्न हुँदा कम्पनीको ऋण तथा स्वपूँजीको अनुपात ६७:३३ वा सो भन्दा राम्रो हुनुपर्ने प्रावधान रही आएको सन्दर्भमा यस आयोजनाका लागि हकप्रद माग गरिएको हो । सो सम्बन्धी विस्तृत विवरण देहायबमोजिम रहेको छ ।

विवरण	रकम (रु. करोडमा)
तल्लो बलेफि जलविद्युत आयोजनाको जम्मा अनुमानित निर्माण लागत	४४०.०८
६७.३८:३२.६२ को लगानीको हिसाबले जम्मा आवश्यक स्वपूँजी (Equity)	१४४
स्थानीय तथा सर्वसाधारणबाट प्राप्त हुने रकम	२८
रिडी पावरबाट हुने लगानी	७८
साझेदार लगानीकर्ता (Strategic Partner)	३८
बोनस पश्चात् कायम हुने शेयर पूँजी	१५४.८८
अग्राधिकार शेयर आवश्यक रेसियो	०.५०१ अर्थात १:०.५

२२. निष्काशन बैंक (Bankers to the Issue) सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयर निष्काशनको लागि देहाय बमोजिमका बैंकलाई निष्कासन बैंकको रुपमा नियुक्त गरिएको छ :

क्र.सं.	निष्काशन बैंकको नाम	खाता नं.
१.	लुम्बिनी विकास बैंक लिमिटेड, न्यूरोड, काठमाण्डौं	०१६००१२०००४१०२००००४३

२३. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तीमा २१ दिनका लागि खुल्ला राखिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संगठित संस्थाले सूचना प्रकाशित गरी बढीमा थप १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

२४. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१.	श्री रिडी पावर कम्पनी लिमिटेड, ट्रेड टावर, थापाथली, काठमाण्डौं ।
२.	श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं ।
३.	श्री मुक्तिनाथ विकास बैंक लि.का शाखा कार्यालयहरु बिर्तामोड, विराटनगर, जनकपुर, वीरगन्ज, नारायणगढ, पोखरा-चिप्लेढुङ्गा, बुटवल, वीरेन्द्रनगर, नेपालगञ्ज, धनगढी, महेन्द्रनगर र रिडी ।
४.	श्री ग्लोबल आइएमई बैंक लि. को शाखा कार्यालय फिदिम-पाँचथर ।
५.	श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर **"मेरो शेयर"** अनलाइन प्रयोग गरी सि-आस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा मुक्तिनाथ क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरीदका लागि दरखास्त फाराम सिधै हुलाक वा कुरियरद्वारा मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारामलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

दरखास्त फारामको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ । शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी श्री रिडी पावर कम्पनी लिमिटेडको वेबसाइट www.ridipower.com.np वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री मुक्तिनाथ क्यापिटल लिमिटेडको वेबसाइट www.muktinathcapital.com मार्फत हेर्न सक्नेछन् ।

२५. संचालक तथा आधारभुत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस कम्पनीको सञ्चालक तथा आधारभुत शेयरधनीहरुले रु. ९,१९,६३,३००/- रकम भुक्तानी गरिएको व्यहोरा अवगत गराउंदछौं ।

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल लि., नारायणचौर, नक्साल, काठमाण्डौं, फोन नं. ४५४६१०८/०९/४५४६४७० मा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

दरखास्त फारामको नमुना

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.
A Subsidiary of Muktinath Bikas Bank Ltd.

प्रधान कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौं
फोन नं. ४५४६१०८/०९/४५४६४७०
इमेलः info@muktinathcapital.com
वेभसाइटः www.muktinathcapital.com